# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
चक्रघट्टी, सुनसरी
## कोशी प्रदेश नेपाल

प्रथम पटक प्रकाशीत मितिः२०८०/०८/२२

**शिलबन्दी दरभाउपत्रको सूचना**

यस बराहक्षेत्र नगरपालिका कृषि विकास शाखाको आ.व.२०८०/०८१ को बार्षिक स्विकृत कार्यक्रम अनुसार कृषकहरुलाई वर्णशंकर TX 369 जातको मकैको वीउमा प्रति के.जि. रु.१००।— (एक सय रूपैंया मात्र) मुल्य अनुदान उपलब्ध गराई वितरण गर्नका लागि मकैको वीउ १०००० दश हजार के.जि. खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक आधिकारीक बिक्रेताहरुबाट यो सूचनाको अधिनमा रही प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्न आव्हान गरीएको छ। बिस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाईट WWW.barahamun.gov.np मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी बुझ्न सकिने छ।

शर्तहरु,

१.शिलबन्दी दरभाउपत्र प्रति रु.१,०००।—(एकहजार रुपैया मात्र) फिर्ता नहुने गरि यो सूचना प्रकाशन भएको मितिले पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखाबाट खरिद गर्न सकिनेछ। दरभाउ पत्र फाराम खरिद गर्दा निवेदन साथ अध्यावधिक (नविकरण) भएको फर्मको ईजाजत पत्र, वीउ विजन विक्रेता इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७९/०८०को) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

२.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिन मितिः२०८०/०९/०६ गते कार्यालय समय भित्र खरिद गर्ने र सोह्रौ दिन मितिः२०८०/०९/०८ गतेको १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिन ठिक २:०० बजे यसै कार्यालयका प्रतिनिधि र शिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा शिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधीको उपस्थिती नभए पनि शिलबन्दी दरभाउपत्र खोलिनेछ।

३.शिलबन्दी दरभाउपत्र पेश गर्दा धरौटी रकम रु.५०,०००।—अक्षरेपी (पचास हजार रुपैया मात्र) बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.२८९०१४०००००१३० मा जम्मा गरी बैङ्कको सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ।

४. शिलबन्दी दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नभएको स्वघोषणा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, ठेगाना र सम्पर्क नं. प्रष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

६.दर्ता भएको शिलबन्दी दरभाउपत्र मध्ये सबैभन्दा कम रकम कबोल गर्ने एउटै वा फरक फरक शिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिने छ।

७. दर्ता भएको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८. शिलबन्दी दरभाउपत्र शर्त रहित, केर मेट नभएको, कार्यालयले उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनु पर्ने छ।

९. समयमा दर्ता नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

१०. शिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि शिलबन्दी दरभाउ पत्र भरेको हुनु पर्ने छ।

११. शिलबन्दी दरभाउपत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको शिलबन्दी दरभाउपत्र फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१२. शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१३. शिलबन्दी दरभाउपत्र कबुल अंक उल्लेख गर्दा मु.अ.कर सहितको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. शिलबन्दी दरभाउपत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज शिलबन्दी दरभाउपत्र दाताको शिलबन्दी दरभाउपत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

१५.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१६.एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१७.शिललबन्दी दरभाउपत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित सामग्री उपलब्ध गराउनु पर्नेछ। शिलबन्दी दरभाउपत्र दाताले उपलब्ध गराएको सामग्री ( गुणस्तरिय वीउमा हुनु पर्ने गुणहरु भएको हुनु पर्नेछ) गुणस्तर हिन(म्याद समाप्ति भएको, उमार शक्ति मापदण्ड भन्दा कम, जातिय शुद्धता मापदण्ड भन्दा कम ) भएमा सामान फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | परिमाण के.जि. | शसलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउ पत्र खुल्ने समय | शिलबन्दी दरभाउपत्र दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | BKM/SQ/१५/०८०/०८१ | वर्णशंकर TX 369 जातको मकैको विउ | ५६,००,०००।- | १०००० | २०८०/०९/०६ गते कार्यालय समय सम्म | २०८०/०९/०८ गते दिनको १२:०० वजे | २०८०/०९/०८ गते दिनको २:०० वजे | १०००।- | ५०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत